सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ।
बागमती प्रदेश नेपाल

पत्र सङ्ख्या: २०८०/८१
च. नं

मिति : २०८०।०५।२६

# सूचना ! सूचना !! सूचना !!!

## ५९ औं राष्ट्रिय बाल दिवस सम्बन्धि अत्यन्त जरूरी सूचना

प्रस्तुत विषयमा सिद्धलेक गाउँपालिकाको आ.व. २०८०/८१ को स्वीकृत महिला विकास तर्फको वार्षिक कार्यक्रम अनुसार ५९ औं राष्ट्रिय बाल दिवस भाद्र २९ को अवसरमा संचालन हुन लागेको **"सैद्धान्तिक शिक्षा वा व्यावहारिक शिक्षा, आजको आवश्यकता"** विषयक वादविवाद कार्यक्रममा सहभागिता जनाउन ईच्छुक तपशिल बमोजिम योग्यता पुगेका सिद्धलेक गाउँपालिका भित्रका १८ वर्ष मुनिका बालबालिका तथा माध्यमिक विद्यालयहरुको लागि यो सूचना जारी गरिएको छ।

तपशिल

- कार्यक्रममा सहभागिता जनाउन माध्यमिक विद्यालयको विद्यार्थी हुनुपर्नेछ।
- कार्यक्रममा सहभागिता जनाउने बालबालिकाले यस वर्षको राष्ट्रिय बालदिवसको नारा **"बालबालिकामा लगानी : सुनिश्चित भविष्यको थालनी"** लाई विषयवस्तु प्रति लक्षित गराउनु पर्नेछ।
- कार्यक्रममा पक्ष विपक्ष गोला प्रथाद्वारा छुट्याईने हुँदा सहभागि हुन चाहने बालबालिकाहरुले सैद्धान्तिक वा व्यावहारिक शिक्षा दुबै विषयमा तयारी गरेर आउनु पर्नेछ।
- कार्यक्रममा एउटा माध्यमिक विद्यालयबाट २ जनाले मात्र सहभागिता जनाउन पाउनेछन् र ति सहभागि मध्ये पनि कम्तिमा १ जना छात्रा(बालिका) हुनुपर्नेछ।
- कार्यक्रममा सहभागिता जनाउन चाहने माध्यमिक विद्यालयले यही भाद्र २८ गते ५ बजे भित्र गाउँपालिकामा सम्पर्क गर्नु पर्नेछ। सम्पर्क व्यक्ति : कविता भट्ट(९८४१५६००३४)

**कार्यक्रम संचालन हुने मिति : २०८० भाद्र २९ गते**
**कार्यक्रम संचालन हुने स्थान : सिद्धलेक गाउँपालिकाको सभाहल**
**कार्यक्रम संचालन हुने समय : विहान ठिक १० बजे**

**प्रथम पुरस्कार : रु ७,०००।**
**द्वितीय पुरस्कार : रु ६,०००।**
**तृतीय पुरस्कार : रु ५,०००।**

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner